


नयाँ बर्ष सन्देश

# चमकदार नयाँ बर्ष

रिश्शो कोसेइ काइ अध्यक्ष
निवानो निचिको



## मानिसको बिकास नै संस्थापन १००औ बर्षतिर लम्कदाको महत्वपुर्ण पहल

सबैलाई नयाँबर्षको शुभकामना छ।

नयाँ बर्षको पहिलो दिन भनेको जन्मेदेखी बिलकुल नयाँ र महत्वपुर्ण दिन हो। उमेर जती बर्ष लागे पनि आज देखी अघी हरेक दिन नयाँ अनुभव गरिने एकदम नयाँ जिन्दगी हो।

चिनको प्रचिन ग्रन्थ "बिश्वबिद्यालय" मा "आज पनि नयाँ भोली पनि नयाँ हरेक दिन नयाँ दिनमा नयाँ अनुभव अनि अभ्यास" भन्ने कुरा लेखिएको छ।

यो कुरा प्रचिन चिनका एक राजकुमारले आफ्नो मुख धुने बेसिन अघी खोपेर एसलाई हरेक दिन जप गर्ने गर्थे भनिन्छ।

हामी पनि यो बर्ष हरेक दिन जोसकासाथ परिश्रम गर्न सक्ने बनौ।

अब म यहाँ पोहोर सालको डिसेम्बरमा संस्थाको सन्चालक समितिको बैठकमा गरिएको " सन २०२५ को निती तथा कार्यकम प्रस्तुत गर्दछु।

"मानव आफ्नो वास्त्विकताभन्दा माथी असिम उचाइ र सम्मान र माहानता खोज्छ र त्यहाँबाट उत्पन्न हुने सम्मान गर्न सक्ने मन हो। यो सम्मान गर्न सक्ने मन बिकसित भएपछी तेही अनुपातमा आफ्नो निच वास्तबिकता बुझी बिनम्र हुने मन पैदा हुछ। मानवको बिकासको सबैभन्दा महत्वपुर्ण पाटो भनेको सम्मन र बिनम्र हुनस सक्ने मन हुनु नै हो"

यो माथिको भनाइ हाम्रा पूर्वजहरुको हो जुन अति महत्वपुर्ण छ र एसैमा आधार गरी यो बर्ष पनि हाम्रो आस्थाको जिवनी श्रीमानश्रीमती, मातापिता अनि बालकबालिकहरुको रुपमा भबिष्य निर्माण गर्ने युवा र बयष्कलाई कसरी मार्ग निर्देश गरेर मानव बिकास गर्न घरपरिवारको शन्तुलन अनि जापानको आफ्नो सन्स्कृतिलाई लिएर एक कुशल राष्ट्र निर्माण लक्ष राख्ने हो भनेर हामीहरु अथक प्रयास गर्दै जानेछौ।

यहाँ गरिने कुरा गता बर्षसँग मिल्दो जुल्दो छ तर हामीले यो संस्थाको संघका रुपमा सधै नै महत्व दिनु पर्दछ।

अहिलेसम्म मैले "मानिस हुर्काउने (रोप्ने) आधारभुत बिषयलाई सर्बशक्ती खर्च गर्नु पर्छ भन्ने कुरा गर्दै आएको छु।

चिनिया दार्शनिक किताब "गुआन्जि"मा भनिएको छ कि एदी एक बर्षको सोच्ने भए अन्न रोप्नु, दस बर्षको सोच्ने भए रुख रोप्नु र जिन्दगीभरिको सोच्ने भए मानिस रोप्नु" भनेर



तेसैले समाज र संसारको भबिष्य सोच्ने हो भने मानिसको बिकास गर्नु नै सबैभन्दा महत्वपुर्ण हुनेछ।

र तेसको आधार भनेको गृहशिक्षा हो।

घरलाई शन्तुलित गर्ने कुरा नै गृहशिक्षा हो भनेर मानेमा यो अर्थमा यो कुरा "मनिस रोप्ने" कुरासँग जोडिन पुग्छ।

पुर्बिय दार्शनिकका एक हस्ती यासुओका मासात्सुले आफ्नो किताबमा लेखेका छन कि "पिता आफ्ना बालकले सम्मान गरुन भन्ने चाहन्छन। र आमा आफ्न बालकलाई निरन्तर माया दिन चाहन्छन। किनकी परिवारमा बाल्कबालिका भनेको बिउ हुन्" भनेर। तेसैले धानको बली गर्न राम्रोसँग बिउलाई ब्याड बनाएर नहुर्काए हिउदमा धानको आशा नगरे हुन्छ।

यसरी मानव बिकासको आधारभुत जिम्मेवारी भनेको जिवनको अग्रज श्रीमानश्रीमती (युवा पुस्ता) मातपिता (बयष्क पुस्ता) अनि अझ माथिका हजुरआमाबुवा (बृद्ध पुस्ता) हरुले मिलेर ग्रहण गर्नु पर्दच र एसो गर्दा बालक अनि युवाको मानवता आफै बिकास हुने गर्दछ। हाम्रो संस्थाको १००औ वार्षिक उत्सबतिर लम्किएको यो समयमा यि कुरालाई गम्भिर भएर लाग्नु पर्छ भन्ने कामना गर्दछु।

मैले प्रचिन जापानका राजकुमार शोतोकुले जरी गरेको संबिधान को १७ धारामा पहिलो धारामा "सद्भाव र मर्यादा हुनु पर्ने" भनेर राखेका थिए भनेर पहिला पनि भनेको थिए। साथमा इतिहास हेर्दा जापानको प्राचिन नाम यामतो हो र एस्को अर्थ "बृहत शान्ति र बृहत शन्तुलन" को भाव हो र तेसैले एस्तो नाम राखिएको थियो। एस्तो जापानको सन्स्कृती संसारको साझा कुरा हो र यो यथार्थलाई लक्ष राखी मेहेनत गरिरहने कुरा हाम्रो महत्वपुर्ण जिम्बेवारी हो।

**सम्मानको महत्व भनेको आफुलाई सम्मान गर्न सक्नु हो**

साथमा यो बर्षको नितिमा भएको "सम्मान गर्ने मन" भनेको मतलब बृहत लक्ष बोकेर अघी बढ्छु भन्ने कामना हो। अझै अधुरो आफुमा सन्तोश नभै अझै केहि माथि पुग्छु भन्ने मन राख्ने कुरा हो।

एस्तो सम्मान गर्ने मन बिकसित भएमा आफ्नो कमी कमजोरी प्रायष्चित गरी बिनम्र हुने मन बन्दछ। सम्मान गर्दा महत्वपुर्ण भनेको आफुले आफुलाई सम्मान गर्ने कुरा हो।

आफुले आफुलाई सम्मान गर्न नसकनेले साचो रुपमा अरुलाई सम्मान दिन सक्दैन। आफुलाई सम्मान गर्नले नै अरुको सम्मानको बारेमा बुझ्न सक्छ।

यो संसारमा हामीले जन्म पाएको खसमा एकदम अदभुत कुरा हो।

शिक्षाबिद योशिओ हिगाशिइ गुरु एस्लाई यसरी बर्णन गर्छन: "यो संसारमा आफ्नो इक्षाले कोही पनि आइएको होईन। मानिस सबै केहि अज्ञात शक्तिद्वारा यो संसारमा ल्याइएको हो। ग्रहण गरिएको प्राण अनि जिवन हो"।

साथै हामीहरु, सुर्य, चन्द्र, तारा, पहाड, नदि, हावा, पानी, अरु मनिस, जनावर, किट्, सुक्ष्म परजिब जस्ता अनगिन्ती अरुहरुको कृपाले गर्द यो प्राण बचेको हो।

आफ्नो प्राणलाई जती हेर्यो तेती नै कृतज्ञा, अचम्म अनि आभारी हुन पर्ने हुन्छ।

समस्या भएका मानिस देखिएमा उनिहरुलाई केहि गरिदिउ भन्ने भावना उत्पन्न हुने भनेको हाम्रो मनमा बुद्धत्व छ भन्ने कुराको प्रमाण हो।

सधै हामीले बुद्धलाई हात जोडेर नमन गर्ने गर्छौ। र एस्ता हामीमा पनि बुद्धको जस्तै मन हुने गर्दछ। तेसैले बुद्धलाई नमन गर्नु भनेको आफ्नो भित्र भएको बुद्धत्वलाई नमन गर्ने कुरा हो।

तैपनी हामीहरु भने आफुलाई "दुर्बल छु" भनेर आफुप्रती आत्म्लानी गर्ने गर्छौ।

तर हामीहरु सबैलाई अमुल्य जिवन प्रादन गरिएको छ जुना चम्त्कार भने हुन्छ। मनमा बुद्धको जस्तै बुद्धत्व छ। र हामी सबैमा सत्य र धर्म बुझ्ने क्षमता अनि आफ्नो समस्या सुल्झाउने क्षमता पनि छ। यि कुरालाई ध्यान दिएर आत्मबिस्वासकासाथ मेहेनत गर्नु नै बुद्ध धर्ममा आधरित जिवनधारा हो।

शोतो सम्प्रदायका संस्थापक दोगेन गेन्जिको शब्दमा "अहिले हाम्रो यो क्षणिक जिवन अमुल्य अनि बहुमुल्य कुराको प्रतिक हो। सबैले आफ्नो तन र मनलाई माया गरौ। र एस्लाई सम्मान दिऔ" भन्ने कुरा छ।

यो क्षणिक प्राणलाई साचै सम्मान गर्न पर्ने जिब हो एस्लाई बुद्धमा आस्था गरेर अफुलाई माया गरी आफुलाई सम्मान गर्नु भन्ने अर्थ हो।

बुद्ध धर्मलाई बुझी तेस्लाई बेबहारमा प्रयोग गरिरहेको तन र मनलाई सम्मान दिऔ भन्ने कुरालाई सबैले आत्मसाथ गरौ।

## ८८ बर्ष लागेको बेलामा मिलेर अझ जिवन्त अभ्यास



आफ्नो कुरा गर्दा म यो बर्षको मार्च ३०मा ८८ बर्ष लाग्ने छु। जसलाई जापानमा "बेजु" भनिन्छ।

यो मलाई भगबान र बुद्धले दिएको जिवन हो र सन्सारका हरेक चिजको कृपाले म यहाँ छु जसकोनिम्ती म मनदेखी नै आभार ब्यक्त गर्न चाहन्छु।

एक ब्यक्तिको सुरुमा आमा र बुवा दुइ हुन्छन्, तेस्पछी, हजुरआमा हजुरबा अनि दुबैका ३० पुस्ता माथी गएमा १ करोड मान्छेसँग जोडिना पुगिन्छ भनिन्छ। कल्पना समेत गर्न नसिकिने धेरै पितृसँग निरन्तररुपमा जोडिएको कृपाले नै यो जिवन पाएका हौ।

यो अनन्त जिवनको श्रृन्खलमा मेरा पिता संस्थापकले आफ्नो रुपमा ९२ बर्ष जिवन यापन गर्नु भयो। मेरी आमा पनि ८५ बर्षसम्म आमको रुपमा बाच्नु भयो। ति दुबैको कृपाले मैले आफ्नो जिवन जिउन पाए र अहिले ८०को दशकमा छु यो अर्थमा हामी सबैले प्राणको रिले दौडको लठी बोकी दौडी रहेका छौ।

तेस्माथि पनि हामी सबैमा फरकफरक प्रबृत्ती हुन्छ। पौडिको मेडोले (बिभिन्न थरि) खेलसँग तुलना गर्न मिल्छ। कोही ब्रेस्ट स्ट्रोकेमा कुशल हुन्छन त कोही बटफ्लाई राम्रोसँग पौडिन जान्छन। तर रिलेको एक सदस्यकोरुपमा आफुले पाएको जिम्बेवारी पुरा गरेर लठी अरुलाई मतलब आफुभन्दा तलको पुस्तालाई सुम्पने हो। जिन्दगी एस्तै हो जस्तो मलाई लाग्छ।

बृद्ध भएपछी जबान मानिसले जस्तो गर्न सक्ने कुराहरु तेस्तै गर्न सकिन्न। हात खुटा गल्दै जान्छन। तर दिमागलाई जती प्रयोग गऱ्यो तेती बिकास हुन्छ भनिन्छ।

जापानको एदो समयको कन्फ्युसिअन गुरु इस्सो साइतोको एक भनाइ छ। "सानोमा सिके पनि युवामा धेरै गर्न सक्छौ, युवामा सिके बृद्ध हुन पर्दैन, बृद्धमा सिके मर्न अनि सड्न पर्दैन"।

एस्मा भनिएको आफु बालक हुँदा पढ्ने सिक्ने गरेमा युवमा धेरै काम लाग्छ। युवामा सिकेमा बृद्ध भए पनि शक्ती कम हुँदैन। अनि बृद्ध अवस्थामा पनि सिक्ने जारी गरेमा प्राण गए पनि आफ्नो लोकप्रियता अध्यातमिकतामा ह्रास आउँदैन र अर्को पुस्तामा हस्तान्तरण हुन्छ भन्ने अर्थ लाग्छ।

सबैभन्दा महत्वपुर्ण कुरा भनेको अरुकोनिम्ती केहि गरेर बिश्वशान्तिको काम गर्न सकौ भनेर कामना गर्दै सिक्दै जाने कुरा हो।

भनिन्छ कि मानिसले सिक्ने कुरा जारी गरेमा तारा जस्तै चम्किने अनि उज्यालो हुने गर्दछ।

यो बर्ष पनि सबै मिलेर जिवन्त भएर सिक्ने, अभ्यास गर्ने अनि शाक्यमुनिको मार्गदर्शन अनुरुप बुद्धत्वपथ (मानवपथ) मा हिड्छु भन्ने कामना गर्दछु।

